# नेपालमा बासिन्दा प्राकृतिक ब्यक्तिको कर, सार्क राष्ट्रकै महंगो

क्षेत्रीय सहयोगका लागि दक्षिण एशियाली संघ (सार्क) को स्थापना सन् १९८५ मा भएको थियो । हाल सार्क राष्टको ८ सदस्य राज्यहरू रहेका छन् । नेपाल सरकार लगायत सार्क राष्ट्रका सरकाहरूले आफ्नो देशको आमजनताहरूको आयमा कर लगाई देश तथा जनताको विकासको लागी खर्च गर्छ । तर बिगत केहि वर्षदेखि नेपाल सरकारले कर संकलन गरी, बजेट विनयोजन गर्छ र उक्त बजेट खर्च नै गर्न सकिरहेको छैन् । सार्क राष्ट्रहरूको आर्थिक सुचाङ्क तलको तालिका नं. १ बाट स्पष्ट हुन्छ ।

**तालिका नं. १ सार्क राष्ट्रहरुका केहि सूचाङ्कहरू**

| क.स. | देशहरूको नाम | जनसंख्या | वर्षिक जि.डि.पि. (यु.एस.डि "मि") | प्रति ब्यक्ति आय, जि.डि.पि. (यु.एस.डि "मि") | ऋण (जि.डि.पि. "मि") | ऋण प्रतिशत (जि.डि.पि.) | कर दायित्व ने.रू.२५ लाखमा[द्द] |
|---|---|---|---|---|---|---|---|
| १ | नेपाल | २,८०,८७,८७१।०० | २९,०४०।०० | १,०३४।०० | ८,७६६।०० | ३०।१९ | ६,२४,०००।०० |
| २ | भुटान | ७,५४,३९४।०० | २,५८२।०० | ३,४२३।०० | २,६४२।०० | १०२।३२ | ४,५३,०००।०० |
| ३ | श्रीलंका | २,१६,७०,०००।०० | ८८,९०१।०० | ४,१०२।०० | ७४,००८।०० | ८३।२५ | ३,६९,६००।०० |
| ४ | बंगलादेश | १६,१३,५६,०३९।०० | २,८८,४२४।०० | १,७८८।०० | ९१,५२४।०० | ३१।७३ | ३,४५,५५०।०० |
| ५ | भारत | १,३५,२६,१७,३२८।०० | २७,१८,७३२।०० | २,०१०।०० | १८,४९,४०२।०० | ६८।०२ | ३,१०,०००।०० |
| ६ | अफगानिस्तान | ३,७१,७२,३८६।०० | १९,६३०।०० | ५२८।०० | १,३५३।०० | ०६।८९ | ३,००,२००।०० |
| ७ | पकिस्तान | २०,०९,६०,०००।०० | ३,१४,५८८।०० | १,५६५।०० | २,२५,४३५।०० | ७१।६६ | २,५३,२००।०० |
| ८ | माल्दिभ्स | ५,१४,६९७।०० | ५,३२८।०० | १०,३३२।०० | ३,६२३।०० | ६८।०० | ०।०० |

श्रोत : वर्ल्ड बैंक रिपोर्ट तथा **द्द :** गणनाबाट आएको नतिजा

यस देशहरूको प्रति ब्यक्ति आयको अधारमा नेपाल पुच्छारमा रहेकोछ भने करको दर तथा कर दायित्वको अधारमा अग्रिम स्थानमा रहेको छ । भुटान दोश्रो, श्रीलंका तेश्रो, बंगलादेश चौंथो, भारत पाचौं, अफगानिस्तान छैठौं, पकिस्तान सातौं र माल्दिभ्स अन्तिम स्थानमा रहेको छ । सरकारले जनतासंग अत्याधिक कर उठाए पनि नेपालको बिकास तथा प्रति ब्यक्ति आय उकास्न सकेको छैन । प्रतिब्यक्ति आयको अधारमा माल्दिभ्स पहिलो, श्रीलंका दोश्रो, भुटान तेश्रो, भारत चौंथो, बंगलादेश पाचौं, पकिस्तान छैठौं, नेपाल सातौं र अफगानिस्तान अन्तिम स्थानमा रकेको छ । माथिको तालिकाबाट के स्पष्ट देखिन्छ भने कम कर भएको देशहरूको प्रति ब्यक्ति आय बढी छ ।

**तालिका नं. २ सार्क राष्ट हरुको बासिन्दा प्राकृति ब्यक्तिको आय, कर स्लैब तथा करको दर**

**(आय सम्बन्धित देशको मुद्रा लाखमा)**

| विवरण | नेपाल | | भुटान | | श्रीलंका | | बंगलादेश | | भारत | | अफगानिस्तान | | पकिस्तान | | माल्दिभ्स | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | आय | कर | आय | कर | आय | कर | आय | कर | आय | कर | आय | कर | आय | कर | आय | कर |
| प्रथम | ४ | १% | २ | ०% | ६ | ४% | २।५ | ०% | ५ | ०% | ०।६ | ०% | ६ | ०% | ७।२ | ०% |
| थप | १ | १०% | ०।५ | १०% | ६ | ८% | ४ | १०% | २।५ | १०% | ०।९ | २% | ६ | ५% | ४।८ | ५।५% |
| थप | २ | २०% | २।५ | १५% | ६ | १२% | ५ | १५% | २।५ | १५% | १०।५ | १०% | ६ | १०% | ६ | ८% |
| थप | १३ | ३०% | ५ | २०% | ६ | १६% | ६ | २०% | २।५ | २०% | १२+ | २०% | ७ | १५% | ६ | १२% |
| थप | २०+ | ३६% | १०+ | २५% | ६ | २०% | ३० | २५% | २।५ | २५% | (विनिमय दर भा. रू.१ बराबर ने.रू. १।५०) | | १० | १७।५% | २४+ | १५% |
| थप | | | (विनिमय दर नु. १ बराबर ने.रू. १।६०) | | ३०+ | २४% | ४७।५+ | ३०% | १५+ | ३०% | | | १५ | २०% | (विनिमय दर एम.भि.आर. रू.१ बराबर ने.रू. ७।५१) | |
| थप | | | | | (विनिमय दर ल.क.रू.१ बराबर ने.रू. ०।६४) | | (विनिमय दर बि.डि.टि. १ बराबर ने.रू. १।३८) | | (विनिमय दर भा. रू.१ बराबर ने.रू. १।६०) | | | | ३० | २२।५% | | |
| थप | | | | | | | | | | | | | ४० | २५% | | |
| थप | | | | | | | | | | | | | १८० | २७% | | |
| थप | | | | | | | | | | | | | २०० | ३०% | | |
| थप | | | | | | | | | | | | | २५० | ३२।५% | | |
| थप | | | | | | | | | | | | | ७५०+ | ३५% | | |
| | | | | | | | | | | | | | (विनिमय दर पा. रू.१ बराबर ने.रू. ०।७६) | | | |

नोट : + भनेको “भन्दा माथि” हो ।

**कुन देशको बासिन्दा प्राकृति ब्यक्तिको कर कति महगो छ ? त्यसको अध्यनको लागि सार्क राष्ट्रको वार्षिक आय नेपाली रूपैयाँ २५ लाखलाई अधार लिइएको छ ।**

**क. नेपालमा करको अवस्था**

नेपालमा वासिन्दा प्राकृतिक ब्यक्तिले नेपालमा २५ लाख आय आर्जन गर्छ भने उसले नेपाली रूपैंया ६ लाख २४ हजार कर तिर्नु पर्छ । जुन सरदर आयको २४.९६ प्रतिशत हुन जान्छ । नेपालमा आर्जित आयको पहिलो ४ लाख सम्ममा १ प्रतिशत कर तिर्नु पर्छ भने ४ लाख भन्दा बढी १ लाखसम्म १० प्रतिशत, ५ लाख भन्दा बढी २ लाखसम्ममा २० प्रतिशत, ७ लाख भन्दा बढी १३ लाखसम्ममा ३० प्रतिशत र २० लाख भन्दा माथिको आयमा ३६ प्रतिशतको दरले कर लाग्छ । यसरी बिभिन्न स्लैबमा कर गणना गर्दा २५ लाख आय आर्जन गर्ने बासिन्दाले तिरेको कर सार्क राष्ट्र हरूमा नै सबै भन्दा बढी नेपालको नै रहेको छ ।

**ख. भुटानमा करको अवस्था**

भुटानमा बासिन्दा प्राकृतिक ब्यक्तिहरूले आर्जित गरेको आय मध्य भुटानी रूपैयाँ २ लाख सम्ममा कर छुट रहेको छ, भने २ लाख भन्दा बढी ५० हजारसम्म १० प्रतिशत, २ लाख ५० हजार भन्दा बढी २ लाख ५० हजारसम्ममा १५ प्रतिशत, ५ लाख भन्दा बढी ५ लाखसम्ममा २० प्रतिशत र भुटानी १० लाख भन्दा बढीको आयमा २५ प्रतिशतको दरले कार लगाएको पाईन्छ । यसरि बिभिन्न स्लैबमा कर गणना गर्दा भुटानी १५ लाख ६२ हजार ५ सयलाई भुटानी रूपैयाँ एकको विनिमय दर नेपाली रूपैयाँ १.६० को दरले विनिमय गर्दा नेपाली रूपैयाँ २५ लाख हुन आउछ र उक्त आयमा नेपाली रूपैयाँ ४,५३,००० कर तिर्नु पर्छ, जुन सार्क देशहरूको तुलनामा दोश्रो महंगो कर हो ।

**ग. श्रीलंका मा करको अवस्था**

श्रीलंकामा बासिन्दा प्राकृतिक ब्यक्तिहरूले आर्जित गरेको आय मध्य श्रीलंकन रूपैयाँ ६ लाख सम्ममा ४ प्रतिशत, ६ लाख भन्दा बढी ६ लाखसम्म ८ प्रतिशत, १२ लाख भन्दा बढी ६ लाखसम्ममा १२ प्रतिशत, १८ लाख भन्दा बढी ६ लाखसम्ममा १६ प्रतिशत, २४ लाख भन्दा बढी ६ लाखसम्ममा २४ प्रतिशत र ३० लाख भन्दा माथिलो आयमा २४ प्रतिशतको दरले कार लागाएको पाइन्छ । यसरी बिभिन्न स्लैबमा कर गणना गर्दा श्रीलंकन रूपैयाँ ३९ लाख ६ हजार २ सय ५० लाई श्रीलंकन रूपैयाँ एकको विनिमय दर नेपाली रूपैयाँ ०.६४ को दरले विनिमय गर्दा नेपालि रूपैयाँ २५ लाख हुन आउछ र उक्त आयमा नेपालि रूपैयाँ ३,६९,६०० कर तिर्नु पर्छ, जुन सार्क देशहरूमा तेश्रो महगो कर हो । जबकी श्रीलंकन रूपैयाँ नेपाली रूपैयाँको तुलनामा कमजोर रहेको छ, जुन विनिमय दर बाट स्पष्ट हुन्छ ।

**घ. बंगलादेशमा करको अवस्था**

बंगलादेशमा बासिन्दा प्राकृतिक ब्यक्तिहरूले आर्जित आय मध्य बंगलादेशी रूपैयाँ २ लाख ५० हजार सम्ममा कर छुट छ भने २ लाख ५० हजार भन्दा बढी ४ लाखसम्म १० प्रतिशत, ६ लाख ५० हजार भन्दा बढी ५ लाखसम्ममा १५ प्रतिशत, ११ लाख ५० हजारभन्दा बढी ६ लाखसम्ममा २० प्रतिशत, १७ लाख ५० हजार भन्दा बढी ३० लाखसम्ममा २५ प्रतिशत र ४७ लाख ५० हजार भन्दा माथिलो आयमा ३० प्रतिशतको दरले कार लगाएको पाईन्छ । यसरि बिभिन्न स्लैबमा कर गणना गर्दा बंगलादेशी रूपैयाँ १८ लाख ११ हजार ५ सय ९४ रूपैयाँ २० पैसालाई बंगलादेशी रूपैयाँ एकको विनिमय दर नेपाली रूपैयाँ १।३८ को दरले विनिमय गर्दा नेपालि रू.२५ लाख हुन आउछ र उक्त आयमा नेपाली रू.३,४५,५५० कर तिर्नु पर्छ, जुन सार्क देशहरूमा चौथो महगो कर हो ।

**ङ. भारतमा करको अवस्था**

भारतमा बासिन्दा प्राकृतिक ब्यक्तिहरूले आर्जित आय मध्य भारतीय रूपैयाँ ५ लाखसम्ममा कर छुट छ । ५ लाख भन्दा बढी २ लाख ५० हजारसम्म १० प्रतिशत, ७ लाख ५० हजार भन्दा बढी २ लाख ५० हजारसम्ममा १५ प्रतिशत, १० लाख भन्दा बढी २ लाख ५० हजारसम्ममा २० प्रतिशत, १२ लाख ५० हजार भन्दा बढी २ लाख ५० हजारसम्ममा २५ प्रतिशत र ५० लाख भन्दा बढीको आयमा ३० प्रतिशतको दरले कार लगाएको छ । यसरी बिभिन्न स्लैबमा कर गणना गर्दा भारतीय रूपैयाँ १५ लाख ६२ हजार ५ सय लाई भारतीय रूपैयाँ एकको विनिमय दर नेपाली रूपैयाँ १।६० को दरले विनिमय गर्दा नेपाली रूपैयाँ २५ लाख हुन आउछ र उक्त आयमा नेपाली रूपैयाँ ३,१०,००० कर तिर्नु पर्छ । जुन सार्क देशहरूमा औसत कर रहेको बुझिन्छ ।

**च. अफगानिस्तानमा करको अवस्था**

अफगानिस्तानमा बासिन्दा प्राकृतिक ब्यक्तिहरूले आर्जित आय मध्य अफगानि रूपैयाँ ६० हजारसम्ममा कर छुट दिएको छ भने ६० हजार भन्दा बढी ९० हजारसम्म २ प्रतिशत, १ लाख ५० हजार भन्दा बढी १० लाख ५० हजारसम्ममा १० प्रतिशत र १२ लाख भन्दा माथिलो आयमा २० प्रतिशतको दरले कार लगाएकोछ । यसरि बिभिन्न स्लैबमा कर गणना गर्दा अफगानी रूपैयाँ १६ लाख ६६ हजार ६ सय ६६ रूपैयाँ ६७ पैसालाई अफगानी रूपैयाँ एकको विनिमय दर नेपाली रूपैयाँ १.५० को दरले विनिमय गर्दा नेपाली रूपैयाँ २५ लाख हुन आउछ र उक्त आयमा नेपाली रूपैयाँ ३,००,२०० सय कर तिर्नुपर्छ । जुन सार्क देशहरूमा औसत भन्दा कम कर रहेको बुझिन्छ ।

**छ. पकिस्तानमा करको अवस्था**

पकिस्तानमा बासिन्दा प्राकृतिक व्यक्तिहरूले आर्जित आय मध्य पाकिस्तानी रूपैयाँ ६ लाखसम्ममा कर छुट दिएको छ, भने ६ लाख भन्दा बढी ६ लाखसम्म ५ प्रतिशत, १२ लाख भन्दा बढी ६ लाखसम्ममा १० प्रतिशत, १८ लाख भन्दा बढी ७ लाखसम्ममा १५ प्रतिशत, २५ लाख भन्दा बढी १० लाखसम्ममा १७.५० प्रतिशत, ३५ लाख भन्दा बढी १५ लाखसम्ममा २० प्रतिशत, ५० लाख भन्दा बढी ३० लाखसम्ममा २२.५० प्रतिशत, ८० लाख भन्दा बढी ४० लाखसम्ममा २५ प्रतिशत, १ करोड २० लाख भन्दा बढी १ करोड ८० लाखसम्ममा २७.५० प्रतिशत, ३ करोड भन्दा बढी २ करोडसम्ममा ३० प्रतिशत, ५ करोड भन्दा बढी २ करोड ५० लाखसम्ममा ३२.५० प्रतिशत र ७ करोड ५० लाख भन्दा माथिलो आयमा ३५ प्रतिशतको दरले कार लगाएको छ। यसरी बिभिन्न स्लैबमा कर गणना गर्दा पाकिस्तानी रूपैयाँ ३२ लाख ८९ हजार ४ सय ७३ रूपैयाँ ६८ पैसालाई पाकिस्तानी रूपैयाँ एकको विनिमय दर नेपाली रूपैयाँ ०.७६ को दरले विनिमय गर्दा नेपाली रू.२५ लाख हुन आउछ र उक्त आयमा नेपाली रूपैयाँ २,५३,२०० कर तिर्नु पर्छ, जुन सार्क देशहरूमा औसत भन्दा कम कर हो। जबकि पाकिस्तानी रूपैयाँ नेपाली रूपैयाँको तुलनामा कमजोर रहेको विनिमय दर बाट स्पष्ट हुन्छ।

**ट. माल्दिभ्समा करको अवस्था**

माल्दिभ्समा बासिन्दा प्राकृतिक व्यक्तिहरूले आर्जित आय मध्य माल्दिभ्सय रूपैयाँ ७ लाख २० हजार अर्थात नेपाली रूपैयाँ ५४,०७,२०० सम्ममा कर छुट दिएको छ भने माल्दिभ्सय रूपैयाँ ७ लाख २० हजारभन्दा बढी ४ लाख ८० हजारसम्म ५.५० प्रतिशत, १२ लाख भन्दा बढी ६ लाखसम्ममा ८ प्रतिशत, १८ लाख भन्दा बढी ६ लाखसम्ममा १२ प्रतिशत र २४ लाख भन्दा बढी आयमा १५ प्रतिशतको दरले कार लगाएको छ। यसरी बिभिन्न स्लैबमा कर गणना गर्दा माल्दिभ्सय रूपैयाँ ३ लाख ३२ हजार ८ सय ८९ रूपैयाँ ४८ पैसालाई माल्दिभ्सय रूपैयाँ एकको विनिमय दर नेपाली रूपैयाँ ७.५१ को दरले विनिमय गर्दा नेपाली रूपैयाँ २५ लाख हुन आउछ। जबकी सो भन्दा बढी आयमा कर छुट रहेकोले नेपाली रूपैयाँ २५ लाखको आयमा शुन्य कर लाग्छ, जुन सार्क देशहरूमा सबै भन्दा कम कर हो।

माथिको विश्लेषणबाट सार्क राष्ट्रहरूको आयमा नेपाल सबभन्दा कमजोर रहेको छ भने करको दर तथा कर दायित्वको अधारमा अग्रिम स्थानमा रहेको छ। प्रतिव्यक्ति आयको अधारमा नेपाल सातौं तथा जि.डि.पि.को ऋण प्रतिशतको अधारमा नेपाल सातौं स्थानमा रकेको छ। विनिमयको अधारमा पनि नेपाल कमजोर नै रहेको देखिन्छ। नेपालको सबै सूचाङ्कहरूमा सुधार गर्न आवश्यक रहेको छ। साथै बिगतका वर्षदेखि नेपाल सरकारले अनुमान गरे जतिको व्यक्तिगत आय कर उठाउन सकिरहेको छैन। जसको मुख्य कारण हो, नेपालको निजि क्षेत्र भित्र प्रशासनिक, व्यवस्थापकीय, प्राविधिज्ञय तथा दक्ष जनशक्तिको रूपमा काम गर्ने बासिन्दा प्राकृतिक व्यक्तिहरूको तलब नेपाल सरकारले तोकेको न्यूनतम ज्याला दरको तुलनामा चार पाँच गुणा भन्दा बढी रहेको छ। तर, करको महंगो दर तथा कम स्लैबको कारणले ती कर्मचारीहरू आफ्नो तलबमा कर कट्टा नगरी भुक्तानी लिने गरेका छन्। जसले गर्दा सरकारले अनुमान गरे जति व्यत्तिगत आय कर उठाउन सकिरहेको छैन्।

नेपाल सरकारले न्यूनतम ज्याला दर १३,४५० तोकेको छ। जसबाट संचयकोष तथा सामाजिक सुरक्षा कर कट्टी गरि जम्मा १२,५२० रूपैयाँ श्रमिकको हातमा आउँछ। जसबाट दुई अंकमा रहेको मुद्रा स्फितिमा परिवार चलाउन असम्भव रहेको छ। हाल सामाजिक सुरक्षा कोष ऐन, नियमावली तथा निर्देशिकाले सबै श्रमिकहरूको अधारभूत तलबको ३१ प्रतिशत कट्टा गरि कोषमा जम्मा गर्नु पर्नेछ। तर उक्त रकम ६० वर्ष उमेर पूरा नभएसम्म निकाल्न पाउदैनन्। साथै बीमा तथा अन्य सुविधाको हकमा न्यूनतम ज्याला वा सो भन्दा बढी कमाउने सबै श्रमिकलाई बराबर सुविधाको व्यवस्था छ। यो सबै बिषय सामाजिक तथा व्यवहारिक भन्दा फरक बिषय भएको हुनाले योगदान गरेको रकमको आधारमा सुविधाको व्यवस्था मिलाउन आवश्यक छ।

हालको स्लैबमा संसोधन गरी आयको ८ लाख सम्ममा १ प्रतिशत, ८ लाख देखि १२ लाखसम्म १० प्रतिशत, १२ लाख देखि १६ लाखसम्ममा १५ प्रतिशत, १६ लाख देखि २० लाखसम्ममा २० प्रतिशत, २० लाख देखि २५ लाखसम्ममा २५ प्रतिशत र २५ लाख भन्दा माथिलो आयमा ३० प्रतिशतको दरले कार लगाउन उपयुक्त हुन्छ। साथै करको प्रतिशतलाई अधार समूह बनाई करदाताहरूलाई सो समूह अनुसारको सेवा तथा सुविधाहरू दिनुपर्छ। यस्तो करको स्लैब तथा दरमा संसोधन गरिएमा कुनै बासिन्दा प्राकृतिक व्यक्तिले २५ लाख आय आर्जन गरेमा जम्मा ३ लाख १३ हजार मात्र कर तिर्नुपर्छ। साथै सरकारले मुद्रा स्फितिलई ध्यानमा राखेर न्यूनतम तलब तथा ज्यालामा बृद्धि गर्नु पर्नेछ। सथै स्वास्थ्य, शिक्षा तथा खाद्यान्नको दर भाउ कम गर्न पनि आवश्यक रहेको छ। समाजिक सुरक्षा कोषको सुविधाहरू, कर तिर्ने व्यक्तिहरूको समूहको अधारमा व्यक्तिहरूलाई दिइने सेवा तथा सुविधाहरूमा फरकपन ल्याउन सकेमा सरकारले अनुमान गरे अनुसारको कर उठाउन सकिनेछ र नेपाल सार्क राष्ट्रको महंगो कर सूचिबाट पनि हट्ने छ।

डा. दिपेन्द्र कुमार चौधरी
संचालक समिति अध्यक्ष
वीरगंज कलेज

email: birgunjcollege@gmail.com